# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

सुचना, विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

| वर्ष-२ | अंक-३२ | २०७४ फागुन ९ गते बुधबार | 21 February 2018 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|

# नमुना बन्दै दैलेखको नौमुले

**ज्योति कटुवाल**

**दैलेख**-आफ्नै काखमा छोराको प्राण उडेको १४ वर्षअघिको त्रासदीपूर्ण घटनापछि नन्दकला ढकालका लागि आफ्नो घर कहिल्यै न्यानो लागेन । दुई वर्षअघि श्रीमान् बितेपछि त घर झन् उराठलाग्दो बन्यो । तर, ८६ वर्षीया नन्दकला अहिले त्यही घर पुनर्निर्माणमा जुटेकी छन् । 'जे हुनु भइहाल्यो, अब सास छउन्जेल भएको सम्पत्ति राम्रो गर्नुर्पयो भन्ने लागेको छ,' उनले भनिन, 'गाउँमा शान्ति छायो, वरिपरि सबैले राम्रा घर बनाए, हामीले पनि भएको घरलाई राम्रो बनाउनैप्रयो नि । 'जीवनको उत्तरार्द्धमा पुगेकी नन्दकलाको बोलीमा नौमुलेको नयाँ बिम्ब प्रवाह भएको छ । सशस्त्र द्वन्द्वकालमा 'त्रास(गाउँ' का रूपमा चिनिने नौमुले अहिले विकासले नमुना 'नगर' का रूपमा चिनिएको छ। घरबास छाडेर हिँडेकाहरू गाउँ फर्केर उत्पादनमा लागेका छन् । सडक, निकै सहज भएको उनको भनाइ छ । सात वर्षअघि नौमुले सडक सञ्जालमा जोडिएपछि सम्भावनाका ढोका उघ्रिएका



दैलेखको नमुना नौमुले बजार

सञ्चार, विद्युतलगायत पूर्वाधारले नौमुले समृद्धि यात्रामा लम्केको छ । हिजो एकआपसमा लड्नेहरू अहिले हातेमालो गरेर अघि बढिरहेका छन् । 'सबैको प्रयासबाट नौमुलेको मुहार फेरिएको छ,' नौमुले गाउँपालिका अध्यक्ष भदे बुढामगर भन्छन, 'अबको पाँच वर्षभित्र नौमुलेलाई अझ नमुना बनाउने हाम्रो सपना छ ।' स्थानीयको सक्रियताले यहाँको विकासमा हुन् । दिगो शान्तिको आशासँगै घरजग्गाको मूल्य पनि अकासिएको छ। शान्ति प्रक्रियाअघि 'मूल्यहीन' रहेको जग्गा अहिले प्रतिमिटर तीन लाख रुपैयाँसम्म पुगेको स्थानीयको भनाइ छ। द्वन्द्वकालमा दुई छोरा र एक छोरी गुमाएका स्थानीय केहरसिंह बुढामगर अहिलेको विकास र चहलपहलले

बाँकी ८ पृष्ठमा..

# जिल्लाका सबै स्थानीय तहमा अझै पुगेन इन्टरनेट सेवा

**मिसन न्यूज**



**कालिकोट**-कालीकोटका तीन नगरपालिका र छवटा गाउँपालिकामा अझै इन्टरनेट सेवा संचालनमा आएको छैन । तिलागुफा नगरपालिका तथा महावै, पचालझरना, नरहरिनाथ र पलाता गाउँपालिकामा इन्टरनेट सेवा नभएपछि दैनिक कामकाजमा समस्या भएको छ। अहिले जिल्लाको खाँडाचक्र र रास्कोट नगरपालिका, कालिका र सान्नी त्रिवेणी गाउँपालिकामा मात्र इन्टरनेट सेवा संचालन भएको छ । खाँडाचक्र र रास्कोट नगरपालिका, कालिका र सान्नी त्रिवेणी गाउँपालिकामा मात्र वर्ल्ड लिंकले इन्टरनेट सेवा दिएको रास्कोट नगरपालिकाका प्रमुख काशीचन्द्र बरालले बताए। उनले भने, 'कालीकोटका सबै ठाउँमा इन्टरनेट सेवा उपलब्ध छैन ।' सबै स्थानीय तहमा इन्टरनेट सेवा पुर्‍याउनका लागि पहल भइरहेको तिलागुफा नगरपालिकाकी उपप्रमुख दर्शना नेपालीले बताइन् । उनले भनिन, 'अहिलेको जमानामा इन्टरनेट सेवा नहुनु भनेको कति पछाडि पर्नु हो ?' नगरपालिका तथा गाउँपालिकामा इन्टरनेट सेवा नहुँदा बैंकिङ कारोवारलगायतका काम गर्न सदरमुकाम नै आउनुपर्ने बाध्यता रहेको पलाता गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताए । 'सबै स्थानीय तहमा इन्टरनेट सेवा नहुँदा बैंकिङ कारोवारलगायतका काम गर्न समस्या भएको छ', उनले भने, 'सबै काम गर्न सदरमुकाम नै आउनुपर्ने बाध्यता छ ।' सबै गाउँपालिकामा मोबाइल सेवा पनि छैन जिल्लाका सबै गाउँपालिका र नगरपालिकामा मोबाइल फोनको टावर नहुँदा फोन सम्पर्क गर्न पनि समस्या हुने गरेको छ । जिल्लाका पलाता गाउँपालिका, महावै गाउँपालिका, कालिका गाउँपालिका, खाँडाचक्र नगरपालिकाका आधा भूभाग र तिलागुफा नगरपालिकामा मोवाइलको टावर नहुँदा त्यहाँका बासिन्दा फोन सेवाबाट वन्चित भएका छन् ।

बाँकी ८ पृष्ठमा..

# बिना ट्याङ्कीका गाडी चल्दै

**मिसन न्यूज**

**जाजरकोट** - जिल्लाको पूर्वी क्षेत्रको सडकमा निकै जोखिमपूर्ण ढंगले गाडी चलाउने गरिएको छ । अप्ठेरो सडकमा गाडीको ट्याङ्कीहरू फुटेको भन्दै खुल्ला गेलिनमा भरिएको डिजेलबाट पाइप जोडेर गाडी चलाउने गरिएको छ । जाजरकोट डोल्पा सडक खण्ड अन्तर्गत जिल्लाको त्रिवेणीनलगाड नगरपालिकाको खगेनकोट बगरादेखि भगवतीको तल्लुसम्मको सडकमा यसरी गाडी चलाउने गरिएको छ। २० किलो मिटर दुरीमा चलाइने अधिकांश गाडीहरूमा इन्धन गेलिनमा पाइप हालेर गाडी चलाउने गरिएको मात्र छैन पुरै सिसा फुटेका गाडीहरू पनि असुरक्षित ढंगले चलाउने गरिएको छ।

स्थानीय प्रशासनको लापरवाहीका कारण खुलेआम रुपमा यात्रु बस्ने सीट नजिकै राखिएका खुल्ला गेलिनबाट पाइपमा तेल तानेर गाडी चल्ने गरेका छन्। गाडीमा तेल भरेका गेलिनहरू खुल्ला राख्नु आफूहरूको रहर नभई बाध्यता भएको बताउँछन् यातायात व्यवसायीहरू। उक्त सडकमा साना गाडी चलाइरहेका जीप चालक खीमबहादुर मल्लले अप्ठेरोसडकमा गाडीको ट्याङ्की फुटेपछि गेलिनमा तेल राखेर गाडी चलाउनु परेको बताए । उनले आगलागीको जोखिम भएपनि आफूहरूले सुरक्षित रुपमा गाडी चलाउने गरेको बताए । गाडीमा खुल्ला रुपमा तेल राखेर गाडी चलाउँदा दुर्घटनाको जोखिम अत्याधिक भएको खगेनकोट हलचौरका स्थानीय हेमन्त केसीले बताए । उनले गाडीमा खुल्ला गेलिनवाट तेल आपुर्ति गरेर गाडी चलाउँदा आगलागी हुने मात्र नभइ अप्ठेरो बाटोमा दुर्घटनाको जोखिम निकैरहेको बताए। अन्य निकायले कुनै वास्ता नगर्ने गरेको स्थानीय यात्रुहरूको गुनासो छ। एक त पहाडको बाटो निकै अप्ठेरो त्यही पनि व्यावसायीले खुल्ला गेलिनमा तेल राखेर गाडी चलाउँछन् । खलंगा फर्किएकी खलंगाकी स्थानीय सुधा हमालले भनिन्।

## सम्पादकीय

# आम निराशा रोक

निर्वाचनको जनादेश अनुसार नयाँ सरकार गठनका लागि मार्गप्रशस्त नगरी बसेको कामचलाउ सरकारले प्रदेश प्रमुख र अस्थायी मुकाम समेत नतोकेर जनतामा निराशा बढाइरहेको छ । सर्वोच्च अदालतले २३ पुसमा गरेको डा. शशि शर्मालाई चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) को डीनमा पुनर्बहाली गर्ने फैसलाले आम निर्वाचनपछिको राष्ट्रिय राजनीतिलाई नै छायाँमा पारिदियो । चिकित्सा शिक्षाका बेथितिविरुद्ध सत्याग्रह गर्दै आएका सन्त चिकित्सक गोविन्द केसीले प्रधानन्यायाधीश गोपाल पराजुली र न्यायाधीश दीपककुमार कार्कीको इजलासबाट भएको फैसलाविरुद्ध भोलिपल्टै आमरण अनशन शुरू गरेपछि अदालतको अवहेलना भन्दै सर्वोच्चले उनलाई पक्रन आदेश दियो । २४ पुसको बेलुका आठबजे महाराजगञ्जस्थित शिक्षण अस्पताल परिसरको अनशनस्थलबाटै पक्राउ गरिएका डा. केसीलाई त दुई दिन हिरासतमा राखिएपछि सर्वोच्चले साधारण तारेखमा रिहा गरिसकेको छ, तर अदालती बयानको क्रममा उनले प्रधानन्यायाधीशमाथि लगाएका आरोपहरू न्यायालयको पर्खालभित्र सीमित रहने गरिका थिएनन् । सर्वोच्चको संयुक्त इजलासले प्रधानन्यायाधीश पराजुलीको नागरिकता, शैक्षिक प्रमाणपत्र र डा. शर्मालाई पुनर्बहाली गर्ने फैसलाको मिसिल पेश गर्न आदेश दिएको छ । सर्वोच्चको फैसलाबाट जम्मा चार दिन आईओएममा फर्केका डा. शर्माको पदावधि सकिइसकेको छ ।

# बिजुली बेच्ने कि नबेच्ने ?

**रामराज शर्मा**

नेपालमा खपत हुन नसक्ने बिजुली निर्यात गर्नु भनेको आर्थिक दृष्टिकोणबाट ठूलो फाइदा हुनु त होइन तर हाम्रो उत्पादन र उपभोगबीचको खाडल बढ्नबाट रोक्नु र निजी विद्युत् उत्पादक र प्राधिकरणको नोक्सान रोक्न सहयोग पुऱ्याउनु हो ।' इनर्जी काउन्सिलले काठमाडौंमा 'नेपाल पावर समिट' आयोजना गऱ्यो । उक्त भेलामा नयाँ नयाँ प्रस्ताव र आकर्षक योजनाहरू प्रस्तुत गरियो । १० वर्षमै ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने महत्वाकांक्षी योजनादेखि बंगलादेशले २ हजार मेगावाट विद्युत् खरिद गरिदिने प्रस्ताव आयो । बंगलादेशले उक्त विद्युत् खरिद गरिदिने प्रस्ताव गरिरहँदा नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता वा सहमति आवश्यक रहेको कुरा भन्न छुटाएन । बंगलादेश विद्युत् निर्यात गर्न भारतको भूमि प्रयोग गर्नुपर्ने हुन्छ । भारतलाई जलविद्युत् बेच्ने कुरा सोच्दा हालसालै र पोहोर साल भारतले नेपालमा उत्पादित अदुवा उत्पादकहरूलाई दिएको दुःख बिर्सन हुन्न ।

त्यसैले दीर्घकालीन रूपमा सबै पक्षलाई मान्य हुने गरी नेपाल, भारत र बंगलादेशबीच आवश्यक र भरपर्दो सम्झौता हुनु जरुरी छ । विद्युत् प्राधिकरणका अनुसार अहिलेसम्म ३८ हजार मेगावाट (माथिल्लो त्रिशूली १ सहित) हाराहारी क्षमताका जलविद्युत् आयोजनाहरूसँग विद्युत् खरिद सम्झौता भइसकेको छ । यी आयोजनाहरूमध्ये अधिकांश निर्माणाधीन अवस्थामा रहेको, प्रायः सबै निजी वा विदेशी लगानीकर्ताद्वारा प्रवर्धित आयोजना रहेको तथा सबै नदी प्रवाह अर्थात् रन अफ द रिभर आयोजना रहेको देखिन्छ । अबको ५ वर्षभित्र यीमध्ये धेरै आयोजना निर्माण सम्पन्न हुने स्थितिमा छन् । अनुमानित रूपमा अबको ५ वर्षपछिको विद्युत् उत्पादन क्षमता ३२/३३ सय मेगावाट (अहिलेको १ हजार मेगावाटसहित) पुग्ने आँकलन छ । तर यो उत्पादन वर्षात्को समयमा मात्र हुने हो । हिउँदमा भने उक्त क्षमता १७५० देखि १८ सय मेगावाटसम्म झर्न सक्छ । जल तथा ऊर्जा आयोगले जारी गरेको प्रतिवेदनलाई आधार मान्ने हो भने विद्युत् मागको वृद्धि ९ देखि १० प्रतिशत रहेको देखिन्छ । त्यसअनुसार अबको ५ वर्षमा अधिकतम माग २१ सय मेगावाट हाराहारी हुनेछ ।

यसैगरी विद्युत् प्राधिकरणले गरेको प्रक्षेपणअनुसार २०७६/७७ मा अधिकतम माग २२२५ मेगावाट र अबको २५ वर्षमा १८ हजार मेगावाटको माग हुने प्रक्षेपण छ । प्राधिकरणको अनुमानअनुसार अबको ५ वर्षमा अधिकतम २४५० मेगावाट हाराहारीभन्दा धेरै माग हुने देखिन्न । कुनै न कुनै रूपमा उक्त बिजुलीलाई उपयोग गर्न सकिएन भने निजी उत्पादक वा विद्युत् प्राधिकरणले ठूलो घाटा व्यहोर्नुपर्ने छ । उत्पादित बिजुलीलाई कि त नेपालभित्रै उपभोग गर्न उपभोक्तालाई प्रेरित गर्ने कि त भारत निर्यात गर्ने । सकिन्छ भने देशमा उत्पादित बिजुली देशभित्रै खपत गराउँदा उत्तम हुन्छ । खपत हुन नसकेको बिजुली भारत निर्यात गर्नु नै बुद्धिमानी देखिन्छ । चीनसँग प्रसारण लाइनले नजोडिनु, बंगलादेश बिजुली पुऱ्याउन भारतीय जमिन प्रयोग गर्नुपर्ने र हामीसँग खपत हुन नसक्ने बिजुलीको मात्रा भारत र बंगलादेशको मागको तुलनामा निकै न्यून हुने हुनाले भारतसँग छिट्टै सहमति गर्दै भविष्यमा आउन सक्ने समस्याको हल छिट्टै खोज्नु आवश्यक छ । नेपालमा खपत हुन नसक्ने उक्त बिजुली निर्यात गर्नु भनेको आर्थिक दृष्टिकोणबाट ठूलो फाइदा हुनु त होइन, तर हाम्रो उत्पादन र उपभोगबीचको खाडल बढ्नबाट रोक्नु र निजी विद्युत् उत्पादक र प्राधिकरणको नोक्सान रोक्न सहयोग पुऱ्याउनु भने हो । अर्कोतर्फ भारतले सौर्य र वायु ऊर्जाको विकास तीव्र रूपमा गरिरहेको छ । बिजुली किन्न आनाकानी गर्न सक्ने अवस्था पनि छ । नेपाल सरकारले २०७२ सालमा जारी गरेको ऊर्जा संकट निवारण र मिश्रित विकास जलविद्युत् अवधारणापत्र अनुसार काम हुनु जरुरी छ । जसअनुसार अबका आयोजनाहरू निर्माण गर्दा पचास प्रतिशत जलाशययुक्त आयोजना, तीस प्रतिसत अर्धजलाशय आयोजना र बाँकी बीस प्रतिशत नदी वहाबमा आधारित आयोजना राख्नुपर्ने भन्ने छ । ऊर्जा मिश्रणको आवश्यकता निकै पहिला नै भइसकेको हो । हाम्रो देशको अवस्थाअनुसार जलाशय र अर्धजलाशय आयोजना नै ऊर्जा मिश्रणका मुख्य तत्व हुन् । सौर्य र वायु ऊर्जाका स्रोतहरू कुल उत्पादनको सातदेखि दश प्रतिशतसम्म हुँदा सबैभन्दा उपयुक्त हुने हो । यसबारे छुट्टै चर्चा गरौंला । प्रसारण लाइनको अभाव र क्षमता अपुग हुनाले अहिले नै पूर्वका केही जलविद्युत् आयोजनाहरूको विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडन सकिएको छैन, केही निजी विद्युत् उत्पादकहरूले करोडौं घाटा व्यहोरिरहेको समाचार आइरहेको छ । प्रसारण लाइनको निर्माण र विस्तारमा थप सक्रियता बढाउनुपर्ने देखिन्छ । हाल भइरहेको विद्युत् चुहावट नियन्त्रण गर्नु प्राधिकरणको अर्को प्राथमिकता हुनु जरुरी छ । अब नदी प्रवाहमा आधारित नयाँ आयोजनाहरूको विद्युत् खरिद सम्झौतामा केही ब्रेक लगाउँदै पिपिए होलिडेबारे सोच्नुपर्ने बेला आइसकेको छ । निजी लगानीकर्ताहरूलाई के गर्दा जलाशय र अर्धजलाशय आयोजनाहरूमा संलग्न गराउन सकिन्छ, ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकः पवित्र शाही
प्रवन्ध सम्पादकः निर्मला शाही
सह–सम्पादकः पंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरः दिलिपकुमार शाही
बजार ब्यवस्थापकः विक्रम शाही
कार्यालयः खाडाचक्र नपा–१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# प्रदेश ६ का मन्त्रीहरू : पूर्वलडाकुदेखि ठेकेदारसम्म

धर्मराज जीसी

प्रदेश ६ को मन्त्रीमण्डलमा मन्त्रीहरू विभिन्न धरातलबाट आएका छन् । कोहीले सामान्य परिवारबाट राजनीतिक यात्रा गरेका छन् भने कोहीले विद्यार्थीकालदेखि नै आफ्नो राजनीतिक यात्रा तय गरेका छन् । माओवादी केन्द्रबाट हुने मन्त्रीहरू जनयुद्धको पृष्ठभूमिबाट आएका छन् । उसो त मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पनि जनयुद्धसहितको लामो संघर्षको पृष्ठभूमि छ । शिक्षकको जागिर छाडेर मन्त्री र प्रकाश ज्वाला पंचायतविरोधी संघर्षमा सहभागी भएको आरोपमा ३ वर्ष जेल जीवन विताएका प्रकाश ज्वाला प्रदेश ६ को पहिलो आर्थिक मामिला तथा योजनामन्त्री बनेका छन्। २०२३ सालमा जन्मिएका मन्त्री ज्वाला वनगाड कुपिण्डे गाँउपालिका (साविकको देवस्थल गाविस-६) सल्यानका स्थायी बासिन्दा हुन् । विद्यार्थी राजनीति गर्दा आफ्नो नामको पछाडि ज्वाला थपेका मन्त्री ज्वालाको नाम प्रकाशबहादुर बुढाथोकी हो । कानुनमा स्नातक र शिक्षा संकायमा स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गरेका ज्वालाले विद्यार्थी हुँदा नै आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए । प्रदेश ६ का अर्थमन्त्री रहेका ज्वाला २०५१ को आम निर्वाचनमा नेकपा एमालेको तर्फबाट सल्यान क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका थिए । २०५६ को आम निर्वाचनमा नेकपा एमालेका तर्फबाट सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचितसमेत भए उनी । अनेरास्ववियुको प्रारम्भिक कमिटीदेखि केन्द्रीय कमिटीसम्मको जिम्मेवारी लिएर लामो समय विद्यार्थी राजनीतिमा सक्रिय ज्वालाले नेकपा एमाले सल्यान जिल्ला कमिटीको सचिव भएर एक दशकसम्म काम गरे । शान्ति प्रक्रियापछि अन्तरिम व्यवस्थापिका संसदको सदस्य भई प्रभावकारी भूमिका निभाएका मन्त्री ज्वाला प्रतिनिधिसभा राज्य व्यवस्था तथा प्राकृतिक स्रोत साधन समितिको सभापति भएर तत्कालीन राजा र दरबारको जग्गा जमिनलगायत सम्पत्ति छानविनमा महत्त्वपूर्ण कामको थालनी गरेका थिए । ज्वाला हाल नेकपा एमाले पोलिटव्युरो सदस्य तथा नेकपा एमालेका तर्फबाट प्रदेश ६ को पहिलो अर्थमन्त्री बन्न सफल भएका छन् । विद्यार्थी राजनीतीबाट मन्त्रीसम्म र नरेश भण्डारी माओवादीभित्र बुद्धिजीवी नेताको छवि बनाएका नरेश भण्डारी जुम्ला प्रदेशसभा 'क'बाट विजयी प्रदेश सांसद हुन्। उनले अहिले प्रदेश ६ सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्रीको जिम्मेवारी पाएका छन्। भण्डारीको जन्म जुम्लाको देवालगाउँ ८ कुम्डीमा २०३५ असार १ गते निम्नमध्यम वर्गीय परिवारमा भएको थियो । वाणिज्यशास्त्रमा स्नातक तहसम्मको अध्ययन गरेका भण्डारीले माओवादी केन्द्रको बुद्धिजीवी संगठनको केन्द्रीय सचिव हुँदै अध्यक्षको पनि अनुभव सँगालिसकेका छन् । भण्डारी पहिलो संविधानसभामा जुम्लाबाट प्रत्यक्षतर्फ निर्वाचित पनि भएका थिए । स्पष्ट वक्ताका रूपमा पनि चिनिने भण्डारी अध्ययनशील नेता मानिन्छन् । २०५१ सालदेखि विद्यार्थी राजनीतिबाट राजनीतिमा पाइला चालेका भण्डारी २०५६ सालदेखि भूमिगत भएका थिए । २०६० सालमा माओवादी जिल्ला समितिको सदस्य हुँदै २०६३ सालमा जुम्ला जिल्लाको माओवादी पार्टी इन्चार्ज भएका थिए उनी । काशीकला भण्डारी र हरिबहादुर भण्डारीका छोरा नरेश अध्ययनका क्रममा काठमाडौं बस्दा गलैंचा, हिङ, सिलाजीत बेच्दै हिँड्ने जुम्लीलाई आफ्ना सहपाठीसमेतले हेपेको देखिपछि राजनीतिक चेतनाविना परिवर्तन गर्न सकिँदैन भन्ने लागेर माओवादी संघर्षमा होमिएको बताउँछन् । उनी माओवादी केन्द्रका हाल पोलिटव्युरो सदस्य पनि हुन् । जनसरकारको मन्त्री हुँदै प्रदेश सरकारको मन्त्रीसम्म विमला केसी माओवादी जनयुद्धमा आन्दोलनबाटै घोषणा गरेको मगरात स्वायत्त जनसरकारकी समाज कल्याणमन्त्री रुकुम (पश्चिम) की विमला केसी संघीय गणतन्त्रात्मक नेपालको प्रदेश ६ को पहिलो भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बनेकी छन् । २०३५ मंसिरमा रुकुम (पश्चिम) को सानीभेरी गाउँपालिका- ९ सिम्लीमा जन्मिएकी मन्त्री केसी सानैदेखि विद्रोही स्वभावकी थिइन् । समाजमा हुने गरेको अन्याय, लैंगिक असमानता, सामाजिक विभेद र महिला हिंसालाई देखेर विद्रोहको भावना पैदा हुने गरेको बताउँछिन् उनी । समाजमा भएको असमानतालाई प्रत्यक्ष देखे भोगेकी मन्त्री केसीले असमानता किन हुन्छ भन्ने कुराले राजनीतिमा लाग्ने प्रेरणा मिलेको बताइन्। २०४६ सालमा रुकुमको सिम्लीमा रहेको राप्ती ज्ञानोदय माविमा कक्षा ६ मा पढ्दा ११ वर्षको उमेरदेखि तत्कालीन मशालको विद्यार्थी संगठनको सदस्यता लिएर राजनीति सुरु गरेकी थिइन् । सानैमा बुबाको मृत्यु भएकाले मन्त्री केसीलाई विद्यालय शिक्षा हासिल गर्न निकै समस्या भयो । केसी बुबाको मृत्युपछि आमाले भोगेको पीडाबाट राजनीतिमा लाग्ने र समाजमा रहेका विकृतिको अन्त्यका लागि लड्ने थप हौसला मिलेको बताउँछिन् । माओवादी युद्धमा रुकुमको पार्टीको महिला, विद्यार्थी तथा कलाकार संगठनको एकै पटक प्रमुख बनिन् उनी । २०५२ सालमा माओवादी सुरक्षा दलको सदस्य भएकी केसी २०५९ मा क्षेत्रीय ब्युरो सदस्य तथा महिला संगठनको केन्द्रीय सदस्य भइन् । युद्धकै क्रममा २०५४ सालमा वसन्त शर्मासँग जनवादी विवाह गरेकी शर्मा २०५६ सालमा रुकुमको छिवाङ गाउँ जनसरकारको प्रमुख भइन्। केसी तत्कालीन मगरात स्वायत्त प्रदेशको समाज कल्याणमन्त्रीको रूपमा रोल्पा, रुकुमका जंगलमा मन्त्रालय सञ्चालन गर्दै हिँडिन्। २०६४ सालमा पनि संविधानसभा सदस्य रहेकी मन्त्री केसी हाल माओवादी केन्द्रको पोलिटव्युरो सदस्य हुन् । गैससदेखि मन्त्रीसम्म दलबहादुर रावल प्रदेश ६ को हुम्ला 'क'बाट प्रदेशसभा सदस्य निर्वाचित दलबहादुर रावल प्रदेशको सामाजिक विकासमन्त्री भएका छन् । हुम्लाको सर्केगाड गाउँपालिका- ४ निवासी मन्त्री रावल सामाजिक अभियन्ता पनि हुन् । २०२८ सालमा जन्मिएका मन्त्री रावल २०४४ सालमा कम्युनिष्ट पार्टीमा आवद्ध भए। २०४८ सालमा तत्कालीन एकता केन्द्र, मशालको सदस्यता प्राप्त गरेका रावल २०४९ सालमा अनेरास्ववियुको भक्तपुर जिल्ला अध्यक्ष थिए । २०५१ सालदेखि २०६७ सालसम्म सामाजिक विकासको क्षेत्रमा क्रियाशील रहेका रावल गैरसरकारी संस्था महासंघको केन्द्रीय सचिव तथा अन्तराष्ट्रिय नागरिक संगठन आग्नारसिभिकसको २ कार्यकाल कार्यसमिति सदस्य निर्वाचित भएका थिए । उनले २०६३ सालदेखि औपचारिक रूपमा नेकपा एमालेको सदस्यता प्राप्त गरेका हुन्। रावल २०६५ देखि २०६९ सम्म नेकपा एमाले केन्द्रीय सामाजिक विभाग सदस्य, २०६९ देखि हालसम्म एमाले जिल्ला कमिटी हुम्लाको अध्यक्ष छन् ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

जिल्ला समन्वय समिति
कालिकोट

## कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मनोरञ्जन

# लिलीबिलीमा प्रियंका अनुभवी



नायक प्रदीप खड्का र नायिका प्रियंका कार्कीलाई फिचरिङ गरिएको फिल्म 'लिलीबिली'को गीत 'हावा सरी' सार्वजनिक गरिएको छ। आगामी चैत ३० गते रिलिज हुने फिल्मको यो गीत टर्कीको इस्तानबुलमा छायांकन गरिएको छ। एसडी योगी र मेनुका पौडेलको स्वर रहेको गीतमा सञ्चारकर्मी दीपेन्द्र घिमिरेको शब्द रचना रहेको छ। योगीकै संगीत रहेको गीतमा कविराज गहतराजको कोरियोग्राफी र सुदिप बरालको छायांकन छ। प्रेमभावको गीत हेरेपछि नायिका प्रियंकाले गीतले आनन्द दिएको बताइन्। ट्रेलरमा कमस्थान पाएकोमा रिसाएको भन्ने प्रश्नको जवाफमा प्रियंकाले आफूलाई कम वा धेरै समयले फरक नपार्ने बताइन्। 'कसलाई कति देखाउने निर्देशकको तजबीजको कुरा हो। मलाई थोरै देखिएँ भन्ने गुनासो छैन,' कार्कीले भनिन्। उनकै कुरामा सही थाप्दै निर्देशक मिलन चाम्सले प्रियंका स्टार भएकाले तीन सेकेन्ड नै काफी हुने बताए। नायक प्रदीपले फिल्मकी अर्की नायिका जसिता गुरुङ र नायिका प्रियंकासँग काम गर्दाको अनुभव सुनाए। 'नायिका जसिताको यो पहिलो फिल्म हो। त्यसैले स्वभावत: उहाँलाई कम अनुभव छ। तर प्रियंकाको अनुभव हाम्रोभन्दा धेरै नै छ। उहाँलाई काम सिकाउने नायिकाको रुपमा पाएँ,' उनले भने। मिलन चाम्स निर्देशित फिल्ममा गोविन्द शाही र सुदीप खड्काको लगानी छ। स्कटल्याण्ड, नेपाल र लन्डन छायांकन गरिएको फिल्ममा जसिता गुरुङ, अनुप विक्रम शाही, सविन श्रेष्ठ, मनिष श्रेष्ठ, ध्रुव दत्त, रितेस चाम्सलगायतका कलाकारहरूको पनि अभिनय छ।


लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट


## स्वास्थ्य

# भान्सामा मरिच र प्याज



मरिचलाई मसलाको राजासमेत भनिन्छ। यसले खानाको स्वाद मात्रै बढाउँदैन, थुप्रै रोगको उपचारमा समेत सघाउँछ। मरिचमा भिटामिन 'सी', 'ए', फ्लेभोनाइडस, कारोटेन्स, एन्टिअक्सिडेन्ट हुन्छ। त्यसैले जाडोयाममा कुनै न कुनै रूपमा मरिच खानाले रुघाखोकीबाट आराम पाइन्छ। आयुर्वेदले मरिचलाई सबै प्रकारका ब्याक्टेरिया, भाइरस आदिलाई नाश गर्ने औषधि मानेको छ। मरिचको नियमित सेवन गर्ने गरे कपाल झर्न कम हुँदै जान्छ, महिलामा स्तन क्यान्सरको खतरा घट्दै जान्छ। मरिचमा पिपराइन भन्ने यस्तो तत्व पनि पाइन्छ, जसमा एन्टिडिप्रेसेन्ट (उदासी रोगविरुद्ध) को गुण हुन्छ। यसैले यसको सेवनले चिन्ता र उदासी रोग (डिप्रेसन) बाट टाढै होइन्छ। गिजा दुख्ने गरे मरिच नै खानुपर्छ अनि आराम पाइन्छ। मरिच खाने गर्दा हाम्रो पेटमा कीरा पनि पर्न पाउँदैन।

**प्याज**



प्याज पनि राम्रो तरकारी हुनुका साथ अति राम्रो औषधिसमेत हो। आलुपछि सबैभन्दा बढी खाइने तरकारी प्याज नै हो। प्याजमा केलिसिन र राइभो फ्लेभिन (भिटामिन बी) पर्याप्त मात्रामा हुन्छ। यसमा ११ प्रतिशत कार्बोहाइड्रेट हुन्छ। यसमा हुने एन-प्रोपाइल-डाई सल्फाइडका कारण पिरो हुने हो। यो पदार्थ पानीमा घुलनशील एमिनो अम्लमाथि एन्जाइमको प्रतिक्रियाले गर्दा निर्मित हुन्छ। आधुनिक चिकित्सा विज्ञानको नयाँ अध्ययनअनुसार, प्याजको नियमित उपयोगले ग्यास्ट्रिक अल्सर हुनबाट जोगिने हुन्छ। यस्तै स्विटजरल्याण्डस्थित बर्न विश्वविद्यालयमा गरिएको नयाँ अध्ययनले यसको नियमित सेवनबाट ओस्टियोस्पोरोसिसको सम्भावनासमेत कम हुने देखाएको छ। अन्य केही अध्ययनले प्याजको नियमित उपयोगबाट पेट र मस्तिष्कको क्यान्सर हुने जोखिमलाई घट्ने देखाएका छन्। यस्तै, यसले रगतमा कोलेस्ट्रोल, ट्राइग्लिसराइड र थ्रोम्बोक्सेनको स्तरमा समेत कमी ल्याउँछ। प्याजमा एन्टिब्याक्टेरियल र एन्टिफंगल गुणसमेत हुने विभिन्न अध्ययनमा उल्लेख छ। आयुर्वेदका अनुसार, प्याज अजीर्ण र झाडापखाला रोक्न उपयोगी हुन्छ। यो जीवाणुरोधी, तनावरोधी, पीडानाशक हुन्छ। मधुमेह नियन्त्रण गर्न, पत्थरी हटाउन पनि यसलाई उपयोगी मानिन्छ। प्याज टाउकामा दल्दा कपालमा बढ्ने जनविश्वास पनि पाइन्छ।


प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# स्वास्थ्य केन्द्रका उपकरण प्रयोग विहिन

**मिसन न्यूज**

जुम्ला-भएका उपकरण प्रयोगमा ल्याउदैनौं हामी तर उपकरण छैन मात्र भन्छौं। हिमा गाँउपालीकाको कालिकाखेतु प्राथमिक स्वास्थ्य केन्द्रमा रहेका विभिन्न स्वास्थ्य उपकरणहरु प्रयोग नभएरै खिया लागेका छन् । तिन सैयाको सुविधि सम्पन्न स्वास्थ्य केन्द्रमा बिरामि चेकजाँचमा सहजताका लागि भनेर पटक पटक खरीद गरीएका लाखौंका स्वास्थ्य उपकरणहरु प्रयोग नभएरै खिया लागेका हुन् ।

विधुत समस्याका कारण स्वास्थ्य केन्द्रमा रहेका सबै उपकरण्हरु प्रयोग बिहिन हुँदा बिरामिले सास्ती खेप्नुपरेको हेल्थ असिस्टेन हंश महताराले बताउनु भयो । उहाँका अनुसार नेबुलाईजेसन, ईन्फाण्ट अर्मर, माईक्रोस्कोप, बायो क्यामेस्ट्री एनालाईजर मेसिन, क्यालोरी मिटर, सेन्ट्री फ्युज, एक्सरे मेसिन, फ्रिज, ल्याब्रेटरी मेसिन लगाएतका महत्वपुर्ण



हिमा गाँउपालीकाको कालिकाखेतु प्राथमिक स्वास्थ्य केन्द्र

उपकरणहरु विधुत्त समस्याले प्रयोग नगरेरै थन्काइएका छन् । 'स्वास्थ्य केन्द्रमा दैनिक ५० बढि बिरामि आँउछन्, सामान्य ओपिडि सेवा बाहेक अरु बिरामि चेकजाँच गर्न समस्या छ, भएका उपकरण प्रयोग बिहिन हुँदा आफुले सिकेको सिप पनि बिर्सींदै गएको छ' ल्याव असीस्टेन निर्मल काफ्लेले भन्नुभयो, सामान्य दिसापिसाब, रगत, खकार जाँच गर्नुपर्ने बिरामि पनि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रेफर गर्नुपर्छ, यहाँ २ सयले हुने काम बिरामिले प्रतिष्ठानमा जाँदा, आँउदा ४/५ हजार खर्च गर्ने गरेका छन् । बर्थिङ सेन्टर समेत संचालनमा रहेको उक्त स्वास्थ्य केन्द्रमा प्रसुती सेवा लिन आउनेहरुको संख्या बढ्दै गएपनि सुरक्षित प्रसुतीपछि नवजात शिशुलाई न्यानो बनाउने ईन्फाण्ट अर्मर मेसिन संचालनमा नआँउदा समस्या बढ्दै गएको अनमि देवकी खड्काको भनाइ छ । स्वास्थ्य केन्द्रमा तालिम प्राप्त स्वास्थ्यकर्मि र सामाग्रि भएपनि त्यसको उचित प्रयोग हुन नसक्दा बिरामि रेफर गर्न बाध्य भएको स्वास्थ्य केन्द्रले जनाएको छ। 'घर नजिकै रहेको स्वास्थ्य केन्द्रबाट विशषज्ञ सेवा पाउने आशा थियो, तर सामान्य घाउ ड्रेसिङ गर्न पनि प्रतिष्ठानमा जान बाध्य छौ, स्थानिय तहपछि स्वास्थ्य केन्द्रको हालत अझैं विग्रीएको छ' सेवाग्राही कालीबहादुर शाहिले बाध्यता ओकल्नु भयो । स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष तथा वडा अध्यक्ष नन्दबहादुर रावतले तत्काल स्वास्थ्य केन्द्रमा विधुतिय समस्या समाधानका लागि पहल गर्ने बताएउदै 'गाँउपालीका तथा अन्य निकायमा यो समस्या राख्ने छु, र आगामि आर्थिक बर्षसम्म आवाश्यक बजेटको व्यवस्था गरी उपकरणहरु संचालन गरेर


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउा र नखुऔा ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔा ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔा ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र**

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट

उच्च ज्वरो आउने, खोकी लाग्ने, घााटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
lh Nff :j f:Yo s fof{o s flns f]6

# अन्तराष्ट्रिय न्यूज

## नयाँ रोजगारी सिर्जना गर्ने चीनले यसवर्ष १ करोड ३० लाख

**मिसन न्युज**

बेइजिङ - चीन सरकारले यसवर्ष करिब १ करोड ३० लाख नयाँ रोजगारी सिर्जना गर्ने जनाएको छ। मङ्गलबार बेइजिङमा आयोजित एक पत्रकार सम्मेलनमा चिनियाँ प्रधानमन्त्री लि खछ्याङ्ले सो जानकारी दिएका हुन्। उनले चीनले सन् २०१८ मा १ करोड ३० लाख नयाँ रोजगारी सिर्जना गर्नेछ र यी रोजगारीहरु चीनको सहरी क्षेत्रमा सिर्जना गरिनेछ भने। प्रधानमन्त्री खछ्याङ्ले हामीले सुरुमा १ करोड १० लाख नयाँ रोजगारी सिर्जनागर्ने लक्ष्य बनाएका थियौं, तर अब यसमा सरकारले गम्भीर रुपमा काम गर्नेछ र जसका कारण १ करोड ३० लाख नै नयाँ रोजगारी सिर्जना हुनेछ।

उनले गएको ५ वर्षमा चीन सरकारले देशमा ६ करोड ६० लाख नयाँ रोजगारीहरु सिर्जना भएको पनि जानकारी गराए। रोजगारी कुनै व्यक्ति वा परिवारका लागि मात्र महत्वपूर्ण नभई सरकार र देशका लागि पनि हो भन्दै प्रधानमन्त्री खछ्याङले देशमा नयाँ नयाँ रोजगारी सिर्जना गर्नका लागि सरकारले निकै मेहनेतका साथ काम गरिरहेको जानकारी दिए। यसवर्ष गाउँबाट सहरमा आउने करिब ३० लाख मानिसले रोजगारी खोज्ने पनि जानकारी उनले दिए। त्यसैले पनि सरकार ती क्षेत्रमा रोजगारीका लागि काम गरिरहेको छ -




उनले भने। चीनको सहरी क्षेत्रमा ग्रामीण क्षेत्रबाट रोजगारीका लागि आउने आप्रवासी कामदारहरुको संख्या २८ करोड रहेको छ। उनीहरुले चिनियाँ सहरी क्षेत्रमा आवश्यक कामदारहरुको खाँचो टार्नेमात्र नभएर देशको अर्थतन्त्रमा पनि ठूलो योगदान पुऱ्याएको अनुमान सरकारको छ। ती सबै आप्रवासी कामदारहरुको माग सम्बोधन गर्न सरकार गम्भीर रहेको र त्यसका लागि काम गरिरहेको जानकारी उनले दिए। प्रधानमन्त्री खछ्याङ्ले यसवर्ष कलेजका करिब ८२ लाख विद्यार्थी पनि रोजगारीका लागि सहर प्रवेश गर्ने अनुमान गरिएको जानकारी दिए। सरकारले सिर्जना गरेको यस नयाँ रोजगारीले उनीहरुका लागि काम गर्ने प्रधानमन्त्रीले बताए।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर।**

# वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

## वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

## वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

# महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**

www.missionenews.com

# कर्णाली करिडोरको ३० किलोमिटर सडकमा गाडी गुडे

**मिसन न्यूज**

**कालिकोट** –'नर्थ एण्ड साउथ एक्सिस ग्रोथ'का रूपमा लिइएको कर्णाली करिडोरको ३० किलोमिटरमा गाडी गुडेका छन् । कर्णाली करिडोरको लालीघाटदेखि घाटाचौरसम्मको ३० किलोमिटर सडकमा गाडी गुडेका हुन् । लामो समयदेखि निर्माण कार्य अन्योलमा रहेको करिडोर नेपाली सेनाद्वारा निर्माण कार्य सुरुवात भएसँगै निर्माण कार्यले तीव्रता पाएको थियो । राष्ट्रिय गौरवको आयोजना रूपमा रहेको कर्णाली करिडोरमा ३० किलोमिटर गाडी गुड्ने सडक भएसँगै यातायात साधन संचालनमा आएपछि कालीकोटका सपना पूरा भएको पचालझरना गाउँपालिका अध्यक्ष खड्कबहादुर सेजुवालले बताए । 'कर्णाली करिडोरमा गाडी गुड्ला भन्ने कसैले पनि कल्पना गरेको थिएन।' उनले भने, 'अहिले सपना पूरा भएको छ ।' करिव १० वर्ष अगाडिदेखि सडक विभागले काम थालेको कर्णाली करिडोरमा ठेकेदारमार्फत करिब २३ करोड रुपैयाँ बजेट खर्च गरे पनि अपेक्षित रूपमा कामले तीव्रता नपाँउदा स्थानीयवासी आन्दोलन गरी २०७१ चैत ५ गते नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय भई २०७२ चैत ९ गतेबाट निर्माण कार्यको सुरुवात भएको रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले बताए । 'कर्णाली करिडोरमा ठेकेदारमार्फत करोडौं खर्च भयो', उनले भने, 'अहिले नेपाली सेनाले जिम्मा लिएपछि निर्माण कार्यले तीव्रता पाएको छ ।' कालीकोट जिल्लाको खुलालुदेखि बाजुरा, हुम्ला हुँदै चीनको सिमाना हिल्सा जोड्ने, नेपालकै उत्तर(दक्षिण भारत र चीनलाई जोड्ने राष्ट्रिय महत्त्वको राजमार्ग कर्णाली करिडोरको ३० किलोमिटर सडकखण्डमा गाडी गुड्न सडक उपयुक्त रहेको र गाडीहरूको भाडादर कायम गरेर सार्वजनिक जिप सञ्चालनमा ल्याएको रारा कर्णाली यातायात प्रालिका अध्यक्ष हस्तबहादुर बमले बताए । 'कर्णालीको आर्थिक समृद्धिका साथै व्यापारिक राजमार्गका रूपमा लिइएको करिडोरको घाटपारीचौरसम्म सार्वजनिक जिप संचालनमा ल्याएका छौं', उनले भने, 'पहिलो चरणमा २० वटा जिप संचालनमा ल्याउने तयारी गरेका छौं ।'



कर्णाली करिडोर अन्तर्गत जारकोटमा गाडी गुड्दै ।

लालीघाटदेखि बाजुराको अर्थिङ्गे चौरसम्मको ६८.५ किलोमिटर सडकको आंशिक ट्र्याक खुला हुने भएको छ । आउने आर्थिक वर्षको दोस्रो चौमासिकसम्म कर्णाली करिडोरको कालीकोट खण्ड ४० किलोमिटर ट्र्याक खुला गरी सडक विभागलाई हस्तान्तरण गर्ने तयारी भएको नेपाली सेनाका कर्णाली करिडोर निर्माण कार्यदलका प्रमुख मिलन कार्कीले बताए । 'कर्णाली करिडोर कालीकोट खण्ड ४० किलोमिटर, बाजुरा खण्ड ४३ किलोमिटर र हुम्ला खण्ड ११३.३५ किलोमिटर गरी १९६.३५ किलोमिटर रहेको छ', उनले भने, 'योमध्ये कालीकोट सडक खण्डका निर्माण कार्य यसै वर्ष पूरा गर्ने लक्ष्य लिएका छौं ।' वि. सं. २०५७ मा कालीकोट करिडोरको शिलान्यास गरिएको थियो । शिलान्यास भएको १५ वर्षपछि सेनाले उक्त सडक निर्माणको जिम्मा पाएको हो । करिडोर क्षेत्रमा जग्गाको कारोवारले आर्थिक चहलपहल बढ्यो कर्णाली करिडोरमा सवारीका साधन चल्न थालेपछि करिडोर क्षेत्रमा आर्थिक चहलपहल निकै बढेको छ। करिडोर क्षेत्रका आसपासमा बजार हुन सक्ने ठाउँमा जग्गाको कारोवारदेखि व्यापारको सम्भाव्यताले गर्दा आर्थिक चहलपहल बढेको हो । नेपाली सेनाले सडकको निर्माण कार्यलाई तीव्रता दिएपछि खुलालु, लालीघाट र जितेगडा बजार अहिले व्यापारिक केन्द्रका रूपमा स्थापित भएका छन् । रेंगिल, आम्तडा, सान्नीगाड, भात्तडी, भुराबगर, जारकोट

**बाँकी ८ पृष्ठमा..**

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख) एवं**
**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट**

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझोँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

### कर्णाली करिडोरमा ३०.......

र घाटपारीज्युलामा जग्गाको खरिद बिक्री बढेको कालीकोट उद्योग वाणिज्य संघका पूर्व वरिष्ठ उपाध्यक्ष मथुरा न्यौपानेले बताए । 'खुलालु, लालीघाट र जितेगडा बजार अहिले व्यापारी केन्द्रका रूपमा स्थापित भएका छन्', उनले भने, 'अन्य बजार हुन सक्ने क्षेत्रमा व्यापारीहरूले जग्गाको कारोबार गर्न थालेका छन् ।'

कर्णाली करिडोर क्षेत्रमा विगतमा कुनै बजार मूल्य नभएका घर जग्गाहरूको मूल्य पनि अहिले निकै आकासिएको र केही वर्षमा किन्न नसकिने अवस्थामा पुग्ने पचालझरना जारकोट बजारका धर्मराज सेजुवालले बताए । 'विगतमा यस क्षेत्रमा कसैले जग्गा किन्दैनथे', उनले भने, 'अहिले यहाँ जग्गा किन्नका लागि मारामार हुने गरेको छ ।' सडक छेउछाउमा भावी दिनमा व्यापारको राम्रो संभावना देखेर व्यापारीलगायतका अन्य व्यवसायीहरूले जग्गा किन्ने घरसमेत बनाउन सुरु गरेको रास्कोट नगरपालिकाका स्थानीय तथा नागरिक समाजका अगुवा अम्मलराज शाहीले बताए ।

### जिल्लाका सबै स्थानीय.......

नरहरिनाथ गाउँपालिका, रास्कोट नगरपालिकामा फोन सुविधा भए पनि बिहान १० बजे खुल्ने र बेलुका ४ बजे नै बन्द हुने गरेको नरहरिनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर विष्टले बताए । 'मोवाइल सेवा पनि राम्रो छैन', उनले भने, 'फोन सेवा भए पनि सरकारी कर्मचारी छ। कार्यालय समयमा मात्रै फोन सेवा चल्छ ।' मोवाइलको राम्रो नेटवर्क नहुँदा समस्या भएको त्यसका जिल्लाका धेरै ठाउँमा मोवाइलको टावर बनाउन माग गरिएको तिलागुफा नगरपालिकाकी उपप्रमुख दर्शना नेपालीले बताइन ।

### नमुना वन्दै .......

कहालीलाग्दा विगत बिर्साएको बताउँछन् । 'हुन त मैलेभन्दा ठूलो पीडाको भारी कसले बोकेको होला रु?' उनी भक्कानिन्छन् 'तर समयक्रमले ती पुराना पीडा बिस्तारै भुलाउँदोरहेछ, वरिपरिको रमाइलो वातावरणले मल्हम लगाउने रहेछन् ।' जलविद्युत् नौमुलेको समृद्धिको प्रमुख आधार बनेको छरु। यहाँ तीनवटा जलविद्युत् आयोजना निर्माण क्रममा छन् । कान्तिपुरबाट ।

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्यक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल ciaasurkhet@gmail.com**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुल्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

## जिल्ला वन कार्यालय कालीकोटको सूचना

यस जिल्लाको राष्ट्रिय वन तथा सामुदायिक वनहरुमा वन्यजन्तुहरुको चोरी शिकारी गर्नेहरु विभिन्न प्रकारले सक्रिय रहेको भन्ने बुझिन आएको हुदाँ यस्तो कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ विरुद्ध भएकोले यस्ता कार्य गर्नेहरु उपर कडा कारबाही भइजाने व्यहोरा समयमै जानकारी गराइन्छ । साथै सामुदायिक वन उपभोक्ता समूहहरु तथा संघ संस्थाहरुलाई यस्ता कार्य गर्ने गराउनेहरुलाई निरुत्साहीत गर्न र त्यसको सुचना पाइएमा नजिकको वन कार्यालय वा प्रहरी कार्यालयमा जानकारी गराउन समेत अनुरोध छ ।

याद राख्नुहोस : वन्यजन्तु चोरी निकासी गर्नेलाई ५ वर्षसम्म कैद र १५ लाख रुपैयाँ सम्म जरीवाना वा दुबै हुन सक्छ ।

**जिल्ला वन कार्यालय**

s fn Ls f]

## प्रकोप र महामारी सम्बन्धमा

**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**
**कालीकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति कालिकोट**